**मुक्तिनाथ दर्शन सेवा**

दैनिक माइक्रोबस छुट्ने समय :
बिहान ६:३० बजे



**पोखरा साइडसिन सेवा**

पोखरा उपत्यका घुम्नका लागि बस छुट्ने समय : बिहान ९:00 बजे

रुट नं. १ : पुम्दीकोट, शान्ति स्तुपा, डेभिजफल, फेवाताल, विन्ध्यवासिनी मन्दिर, महेन्द्र गुफा

रुट नं. २ : बेगनास ताल, रुपा ताल, इन्टरनेशनल माउन्टेन म्युजियम, पचभैया वन्यजन्तु चिडियाघर



**मानसरोवर ट्राभल एण्ड टुर्स प्रा.लि.**
नागढुंगा, पोखरा-९, फोन नं : 061-589012
544439, 9856051659, 9856034631



राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily



रू. १.५ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरुन्त क्यालेण्डर पुस्तक,
स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्कः
०६१-५७०६५१, ९८५६०७५५७५



❑ वर्ष २७ ❑ अङ्क १७२ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८३ असार २३ गते मंगलबार ❑ 7 July 2026 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५।-


## पोखरा-दुबई उडानका लागि फ्लाई दुबईले सरकार र निजी क्षेत्रको साथ खोज्दै

**पोखरापत्र संवाददाता**
पोखरा, २२ असार

पोखरा अन्तर्राष्ट्रिय विमानस्थलबाट दुबईसम्म नियमित अन्तर्राष्ट्रिय उडान सुरु गर्ने तयारीमा रहेको फ्लाई दुबईले आफ्नो सेवा दीगो र प्रभावकारी बनाउन सरकार तथा निजी क्षेत्रको सक्रिय साथ आवश्यक रहेको जनाएको छ।

आगामी असोज ७ गते (सेप्टेम्बर २३) देखि पोखरा-दुबई नियमित उडान सुरु गर्ने घोषणा गर्दै सन् २०२७ मार्च २६ सम्मका लागि टिकट बुकिङ खुलाइसकेको कम्पनीले उडानको दीर्घकालीन सफलताका लागि पोखरामा सरकारी तथा निजी क्षेत्रसँग उच्चस्तरीय भेटघाटलाई तीव्र बनाएको हो। फ्लाई दुबईका नेपालस्थित जनरल म्यानेजर नवराज शाही नेतृत्वको टोलीले गण्डकी प्रदेशका मुख्यमन्त्री सुरेन्द्रराज पाण्डे, उद्योग तथा पर्यटन मन्त्री यशोदा रिमाल, पोखरा महानगरपालिकाका प्रमुख धनराज आचार्य, नेपाल पर्यटन बोर्ड गण्डकी प्रदेशका मणिराज लामिछाने, कास्की प्रशासन तथा पर्यटनसँग सम्बन्धित विभिन्न निजी क्षेत्रका संस्थासँग छुट्टाछुट्टै भेटवार्ता गर्दै आवश्यक सहयोग आग्रह गरेको हो। भेटका क्रममा फ्लाई दुबईले पोखरा अन्तर्राष्ट्रिय विमानस्थलबाट अन्तर्राष्ट्रिय उडान गर्ने वायुसेवा कम्पनीलाई सरकारले उपलब्ध गराउँदै आएको सहुलियत कम्तीमा तीनदेखि पाँच वर्षसम्म निरन्तर गर्न आग्रह गरेको छ। हाल सरकारले अन्तर्राष्ट्रिय उडान गर्ने एयरलाइन्सलाई प्रति टन हवाई इन्धनमा १०० अमेरिकी डलरसम्म छुट, उडान तथा अवतरण शुल्कमा एक वर्षसम्म शतप्रतिशत छुट, सञ्चार सेवा तथा सुरक्षा जाँच शुल्कमा समेत सहुलियत दिने व्यवस्था गरेको छ। तर उक्त सुविधा आगामी सेप्टेम्बर १७ बाट समाप्त हुने भएकाले त्यसको अवधि थप नगरे नियमित सेवा सञ्चालन गर्न चुनौती हुने फ्लाई दुबईको भनाइ छ। जनरल म्यानेजर शाहीले सरकारले दिएको प्रारम्भिक सहुलियतले मात्रै दीर्घकालीन व्यावसायिक सञ्चालन सम्भव नहुने उल्लेख गर्दै सरकारबाट नीतिगत निरन्तरता आवश्यक रहेको बताउनुभयो। "हामी उडानका लागि पूर्ण तयारीमा छौँ। तर दीगो सञ्चालनका लागि सरकारले दिएको सहुलियतको अवधि विस्तार हुनु अत्यन्त आवश्यक छ," उहाँले भन्नुभयो।

फ्लाई दुबईले पोखराबाट वैदेशिक रोजगारीमा जाने यात्रुको सहजताका लागि श्रम स्वीकृति सेवा पोखराबाटै उपलब्ध गराउन पनि सरकारसँग आग्रह गरेको छ। शाहीका अनुसार अहिले श्रम स्वीकृतिका लागि काठमाडौं जानुपर्ने बाध्यताले धेरै यात्रु काठमाडौंबाटै उडान गर्न बाध्य हुन्छन्। यदि श्रम स्वीकृति पोखराबाटै उपलब्ध हुने व्यवस्था गरियो भने पोखरा-दुबई उडानमा यात्रुको संख्या उल्लेख्य रूपमा बढ्ने विश्वास कम्पनीको छ।

"यदि यात्रुले श्रम स्वीकृतिका लागि काठमाडौं जानैपर्ने अवस्था रह्यो भने पोखराबाट उडान रोज्ने आधार कमजोर हुन्छ। त्यसैले श्रम स्वीकृति पोखराबाटै उपलब्ध गराउने व्यवस्था आवश्यक छ," उहाँले भन्नुभयो।

फ्लाई दुबईका प्रतिनिधिका अनुसार पोखराबाट नियमित उडान सुरु भएपछि दुबई हुँदै विश्वका करिब २६० अन्तर्राष्ट्रिय गन्तव्यमा सहज कनेक्टिङ सुविधा प्राप्त हुनेछ। यसले युरोप, अमेरिका, जापान, मध्यपूर्व तथा अन्य मुलुकबाट पोखरामा अन्तर्राष्ट्रिय पर्यटक आगमन बढ्ने अपेक्षा गरिएको छ। कम्पनीले सुरुमा दैनिक एक उडान सञ्चालन गर्ने तालिका बनाए पनि बुकिङ सन् २०२७ मार्चसम्म खुला गरिसकेको भन्दै पोखरा-दुबई सेवा दीर्घकालीन रूपमा सञ्चालन गर्ने स्पष्ट संकेत दिएको छ।

मुख्यमन्त्री सुरेन्द्रराज पाण्डेले पोखराबाट अन्तर्राष्ट्रिय उडान नियमित हुनु गण्डकी प्रदेशको दीर्घकालीन आवश्यकता भएको उल्लेख गर्दै प्रदेश सरकारले आवश्यक सबै समन्वय गर्ने प्रतिबद्धता व्यक्त गर्नुभयो। उहाँले संघीय सरकारसँग सरकारी सहुलियतको अवधि थप गर्ने, श्रम स्वीकृति पोखराबाटै उपलब्ध गराउनेलगायत विषयमा पहल गर्ने आश्वासन दिनुभयो। उद्योग तथा पर्यटन मन्त्री यशोदा रिमालले पनि पोखरा-दुबई उडानले प्रदेशको पर्यटन क्षेत्रमा नयाँ सम्भावना सिर्जना गर्ने विश्वास व्यक्त गर्दै आवश्यक प्रवर्द्धन र समन्वयमा प्रदेश सरकार सक्रिय रहने बताउनुभयो। पोखरा महानगरपालिकाका प्रमुख धनराज आचार्यले महानगरले उडान सफल बनाउन आवश्यक सहकार्य गर्ने र संघ तथा प्रदेश सरकारसँग समन्वय बढाउने प्रतिबद्धता जनाउनुभयो। फ्लाई दुबईको टोलीले पोखरा पर्यटन परिषद, पोखरा उद्योग वाणिज्य संघ, रेवान पोखरा, नाट्टा, हान, टान, ना लगायत पर्यटनसँग सम्बन्धित निजी क्षेत्रका संस्थासँग पनि छलफल गरेको छ। रेवान पोखराका महासचिव वीरेन्द्र शेरचनले फ्लाई दुबईमार्फत आउने पर्यटकलाई होटल, रेष्टुरेन्ट तथा अन्य पर्यटन सेवामा विशेष सहुलियतसहित गुणस्तरीय सेवा उपलब्ध गराउने विषयमा छलफल भएको जानकारी दिनुभयो। पोखरा उद्योग वाणिज्य संघका अध्यक्ष गोकर्ण कार्कीले अन्तर्राष्ट्रिय उडान पोखराको दीर्घकालीन आवश्यकता भएकाले निजी क्षेत्रले मन, वचन र कर्मले सहयोग गर्ने प्रतिबद्धता व्यक्त गर्नुभयो। पोखरा पर्यटन परिषद्का पूर्वअध्यक्ष पोमनारायण श्रेष्ठले फ्लाई दुबई र इमिरेट्स समूहको सेवा सफल हुन सके पोखराको पर्यटनमा ऐतिहासिक परिवर्तन आउने बताउनुभयो। उहाँले यसअघि सुरु भएका केही अन्तर्राष्ट्रिय उडान नियमित हुन नसकेको अनुभव दोहोरिन नदिन सरकार, निजी क्षेत्र र स्थानीय समुदाय सबैले अपनत्व लिनुपर्ने आवश्यकता औँल्याउनुभयो। पोखरामा भएका सबै भेटघाटबाट फ्लाई दुबईको टोली उत्साहित बनेको छ र अब सरकारी प्रतिबद्धता छिट्टै औपचारिक निर्णयमा परिणत हुने अपेक्षा कम्पनीले गरेको छ।

करिब २२ अर्ब रुपैयाँ चिनियाँ ऋण सहयोगमा निर्माण भएको पोखरा अन्तर्राष्ट्रिय विमानस्थल २०७९ पुस १७ गते उद्घाटन भए पनि नियमित व्यावसायिक अन्तर्राष्ट्रिय उडान नहुँदा अपेक्षित उपलब्धि हासिल गर्न सकेको थिएन। यसअघि भएका चार्टर तथा सीमित अन्तर्राष्ट्रिय उडानले निरन्तरता नपाएपछि विमानस्थलको प्रभावकारिता माथि प्रश्न उठ्दै आएको थियो। यस्तो अवस्थामा फ्लाई दुबईको नियमित सेवा सफल र दीगो बन्न सके पोखराको पर्यटन, होटल व्यवसाय, वैदेशिक रोजगारीका यात्रु तथा समग्र गण्डकी प्रदेशको अर्थतन्त्रमा सकारात्मक प्रभाव पर्ने अपेक्षा पर्यटन व्यवसायीहरूले गर्नु भएको छ।

## मंसिर १० सम्म थपियो मुग्लिन-पोखरा सडकको म्याद

**पोखरापत्र संवाददाता**
पोखरा, २२ असार

मुग्लिन-पोखरा सडक (पश्चिम खण्ड) आयोजनाको भौतिक प्रगति ८२.२७ प्रतिशत तथा वित्तीय प्रगति ७२.१७ प्रतिशत पुगेको छ।

तनहुँको जामुनेदेखि कास्कीको सेती पुलसम्मको ३८.७१ किलोमिटर सडक स्तरोन्नत्ती गर्ने अभियान अन्र्तगत हालसम्म भौतिक प्रगति ८२.२७ प्रतिशत तथा वित्तीय प्रगति ७२.१७ प्रतिशत भएको आयोजना प्रमुख कृष्णबहादुर कुँवरले जानकारी दिनुभयो। चार तथा सेवा लेनसहित स्तरोन्नति गर्ने काम तीव्र गतिमा भइरहेको उहाँले बताउनुभयो। हालसम्म ३८.३६ किलोमिटर मुख्य सडक चार लेनमा निर्माण, ३७.२८ किलोमिटरमा दोस्रो तहको कालोपत्रे, २३.५२ किलोमिटर सेवा लेन, १२ वटै पुल, १०५ वटा कल्भर्ट तथा ६०.१४ किलोमिटर नाली निर्माण सम्पन्न भएको आयोजनलो जनाएको छ। साथै १७ किलोमिटर क्षेत्रमा डब्लु-बिम (रोड सेफ्टी ब्यारियर) जडान भइसकेको छ भने थर्मोप्लास्टिक रोड मार्किङ र सुरक्षा ब्यारियर जडानको काम जारी रहेको आयोजना प्रमुख कुवंरले जनाउनु भयो। आयोजना प्रमुख कुँवरका अनुसार निर्माण कम्पनीको मागअनुसार आयोजनाको म्याद पाँच महिना थप गरी आगामी मंसिर १० गते (२०८३) सम्म पुऱ्याइएको छ। यस वर्ष मनसुन समयभन्दा अगाडि सुरु हुनु, पेट्रोलियम पदार्थको मूल्यवृद्धि लगायतका कारणले निर्माण कार्य प्रभावित भएकाले म्याद थप गरिएको उहाँले बताउनुभयो।

उहाँका अनुसार अहिले आयोजनाको प्रमुख समस्या पोखरा अन्तर्राष्ट्रिय विमानस्थल क्षेत्रमा रहेका २९ वटा विद्युत् पोल स्थानान्तरण हुन नसक्नु हो। अन्य सबै क्षेत्रमा साइट क्लियर भइसके पनि ती पोल नहटाइएकाले केही काम प्रभावित भएको उहाँले गुनासो गर्नुभयो।

यसैबीच, पोखराको सेती नदीमाथि निर्माणाधीन १९० मिटर लामो सिग्नेचर (एक्स्ट्रा डोज्ड केबल स्टे) पुलको समग्र भौतिक प्रगति ६३.८४ प्रतिशत पुगेको छ भने वित्तीय प्रगति ६२.३२ प्रतिशत रहेको छ। पुलका १२० वटै पाइल फाउन्डेसन, चारवटै पाइल क्याप तथा चारवटै टावर निर्माण सम्पन्न भइसकेका छन्। सेती पुलको उत्तरतर्फ रहेको जग्गा विवाद समाधान भएसँगै पहिलो किस्ताको भुक्तानी समेत भइसकेको आयोजना प्रमुख कुँवरले जानकारी दिनुभयो। दक्षिणतर्फको संरचनामा गर्डर निर्माण सम्पन्न भई स्ल्याब ढलानको तयारी भइरहेको छ। निर्माण कम्पनीले आगामी दशैंअघि उत्तरतर्फको पुल सञ्चालनमा ल्याउने लक्ष्यसहित काम गरिरहेको र त्यसका लागि आवश्यक निर्माण कार्यलाई तीव्रता दिएको उहाँले बताउनुभयो। चालु आर्थिक वर्षभित्र सम्पूर्ण सडक चार/छ लेनमा सम्पन्न गर्ने तथा सेती पुलको सुपरस्ट्रक्चर निर्माण पूरा गर्ने लक्ष्य रहेको आयोजनाले जनाएको छ। हाल सेवा लेन निर्माण, पोखरा विश्वविद्यालय अगाडि रिइन्फोर्स्र्ड सोइल वाल, सडक सुरक्षा ब्यारियर तथा रोड मार्किङ लगायतका काम एकसाथ अघि बढिरहेका छन्। आयोजना सम्पन्न भएपछि मुग्लिन-पोखरा सडकखण्डको यात्रा थप सुरक्षित, सहज र छिटो हुने अपेक्षा गरिएको छ।

## धार्मिक पर्यटन विकासका लागि 'देवभूमि सर्किट': मन्त्री पौडेल

**पोखरापत्र संवाददाता**
म्याग्दी, २२ असार

संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्री खड्कराज पौडेलले नेपालमा धार्मिक पर्यटन विकासका लागि 'देवभूमि सर्किट'को योजना सञ्चालन गर्न लागिएको बताउनुभएको छ।

म या ा ग द ी क ा `

बेनी नगरपालिका-९ स्थित धार्मिकस्थल गलेश्वर शिवालय क्षेत्रको आज निरीक्षणपछि मन्त्री पौडेलले देवभूमि सर्किट


**बाँकी अन्तिम पृष्ठमा ▶▶**


## मुस्ताङमा बहुमूल्य हिमाली जडीबुटी तोराको संरक्षण र खेती विस्तार

**पोखरापत्र संवाददाता**
मुस्ताङ, २२ असार

मुस्ताङको वारागुङ मुक्तिक्षेत्र गाउँपालिका-१ झारकोटस्थित तोरा ताल क्षेत्रमा प्राकृतिक रूपमा पाइने बहुमूल्य हिमाली औषधीय जडीबुटी तोरा (सिबकथोन) को संरक्षणसँगै नयाँ खेती विस्तार गरिएको छ।

डिभिजन वन कार्यालय मुस्ताङले चालु आर्थिक वर्षको सङ्घीय सशर्त अनुदानअन्तर्गत करिब रु दुई लाखको लागतमा स्थानीय मुक्तिनाथ बहुउद्देश्यीय सहकारी संस्थामार्फत तोरा (सिबकथोन) को संरक्षण तथा खेती विस्तार कार्यक्रम सञ्चालन गरेको हो।

कार्यालय प्रमुख चुडामणि बरालका अनुसार झारकोटस्थित तोरा ताल आसपासको एक दशमलव ३२ हेक्टर क्षेत्रमा प्राकृतिक रूपमा उम्रिएको तोरा संरक्षण गर्नुका साथै थप क्षेत्र विस्तारका लागि यसको बीउ छरिएको छ। प्राकृतिक स्रोतको संरक्षण गर्दै तोरालाई व्यावसायिक रूपमा विकास गर्ने उद्देश्यले कार्यक्रम सञ्चालन गरिएको उहाँले बताउनुभयो।

कार्यक्रमअन्तर्गत करिब ५० देखि ६० जना स्थानीयको जनश्रमदानमा तोरा ताल क्षेत्रका झाडी सरसफाइ, व्यवस्थापन तथा गह्रा सम्याउने काम गरिएको छ। त्यसपछि नयाँ क्षेत्रमा तोराको बीउ छरेर खेती विस्तार गरिएको हो। कार्यालयका अनुसार स्थानीय स्रोतको उपयोग गर्दै तोरा खेतीलाई पकेट क्षेत्रका रूपमा विकास गर्ने लक्ष्य राखिएको छ।

यसबाट स्थानीयको आम्दानी बढ्नुका साथै तोरा ताल क्षेत्रको प्राकृतिक सौन्दर्य संरक्षण र प्रवर्द्धनमा समेत सहयोग पुग्ने अपेक्षा गरिएको छ।


खेती विस्तारका लागि करिब एक हजार लिटर क्षमताको सिँचाइ ट्याङ्की निर्माण गरिएको छ भने तीन सय मिटरभन्दा बढी पाइपलाइन जडान गरिएको छ। साथै, तोरा खेती विस्तार गर्न सकिने नयाँ सम्भावित क्षेत्रको समेत पहिचान गरिएको कार्यालयले जनाएको छ।

यसअघि झारकोटको भिरालो पाखोस्थित तोरा ताल क्षेत्रमा प्राकृतिक रूपमा उम्रिने तोरा स्थानीयले सङ्कलन गरी प्रशोधन गरेर जुस उत्पादन तथा बिक्री गर्दै आएका थिए। अब यसलाई अझ व्यवस्थित र व्यावसायिक बनाउँदै पकेट क्षेत्रका रूपमा विकास गर्ने लक्ष्य रहेको प्रमुख बरालले बताउनुभयो।

वडाध्यक्ष प्रमेश गुरुङका अनुसार झारकोटका स्थानीयले प्रत्येक वर्ष तोरा सङ्कलन गरी जुस उत्पादन गरेर आम्दानी गर्दै आएका छन्। तोराको संरक्षण र खेती विस्तारले स्थानीयको आयआर्जन तथा रोजगारीका अवसर वृद्धि हुने विश्वास गरिएको छ।

उच्च हिमाली शुष्क क्षेत्रमा पाइने काँडेदार झाडी प्रजातिको वनस्पति तोरा (सिबकथोन) मुस्ताङ, मनाङ तथा तिब्बती क्षेत्रमा प्राकृतिक रूपमा उम्रने गर्छ। समुद्री सतहदेखि करिब तीन हजारदेखि पाँच हजार मिटर उचाइसम्म पाइने यो वनस्पति मुस्ताङमा विशेषगरी झारकोट क्षेत्रमा रहेको स्थानीयको भनाइ छ।

एकदेखि तीन मिटर उचाइसम्म बढ्ने तोरामा वसन्त ऋतुमा फूल लाग्ने र गर्मीयामको अन्त्यदेखि शरद ऋतुसम्म फल पाक्ने गर्छ। यसको फलमा भिटामिन 'सी' र एन्टिअक्सिडेन्ट प्रशस्त पाइने भएकाले पोषण तथा परम्परागत औषधीय प्रयोजनमा प्रयोग हुँदै आएको छ। यसका साथै यसको बुट्यानले माटो कटान नियन्त्रण, वन्यजन्तुलाई आहार उपलब्ध गराउने तथा फल प्रशोधन गरी जुस उत्पादनबाट आर्थिक लाभ लिन सकिने भएकाले यसको संरक्षण र विस्तारलाई महत्वपूर्ण मानिएको छ।

# कास्की जिल्ला स्तरिय अध्ययन समितिको पहिलो बैठक

**पोखरापत्र संवाददाता**
पोखरा, २२ असार

गाउँपालिका तथा नगरपालिका र वडाको संख्या तथा सिमाना हेरफेर र नगरपालिका वर्गीकरणको पुनरावलोकन सम्बन्धि मापदण्ड,२०८३ अनुसार गठित कास्की जिल्लास्तरिय पुनरावलोकन अध्ययन समितिको पहिलो बैठक सम्पन्न भएको छ । बैठकको जिल्ला समन्वय समिति कास्कीका प्रमुख लिलाधर पौडेलले उद्घाटन गर्नु भएको थियो ।

प्रमुख पौडेलले कास्कीका पालिका र वडाका सन्दर्भमा नेपाल सरकारले प्रदान गरेको भुमिकालाई प्रभाबकारी रूपमा सम्पन्न गर्न प्रारम्भिक छल्फल शुरूवात गरिएको भन्दै कास्कीका पाँच पालिका सहित समाजका अगुवा राजनीतिक दल, सामाजिक संघ संस्था र आम सर्बसाधारणको सुझाव समेटेर समिति अगाडी बढ्ने उल्लेख गर्नुभयो । पौडेलले नेपाल सरकार मन्त्री परिषदको निर्णय मुताबिक भुमी ब्यबस्था, सहकारी, संघीय मामिला तथा सामान्य प्रशासनको मिति २०८३ असार



चार गते राजपत्रमा प्रकाशित सुचना बमोजिम पुनरावलोकन सम्बन्धि मापदण्ड अनुसार समितिले कार्य गर्ने जानकारी दिनुभयो। पालिकाको संख्या र सिमाना हेरफेर वा एक आपसमा गाभिने प्रस्ताव गर्दा स्थानिय सरकार संचालन ऐन २०७४ को दफा (३) को उपदफा दुई बमोजिम जनसंख्या, भूगोल, प्रशासनिक सुगमता, पूर्बाधार बिकासको अवस्था आर्थिक सक्षमता, प्राकृतिक स्रोत साधनको उपलब्धता, भाषिक, सांस्कृतिक तथा सामुदायिक बनौट्लाइ प्रमुख आधार बनाइने उल्लेख गर्नु भयो । त्यस्तै वडाको संख्या, सिमाना र केन्द्र हेरफेर गर्ने वा वडाहरू एक आपसमा गाभिने प्रस्ताव गर्दा सो ऐनको दफा (५ ) को उपदफा(३)बमोजिम जनसंख्या तथा जनसंख्या बितरणकी अबस्था, भौगोलिक निरन्तरता, अनुकुलता तथा बिशिस्टता, भाषिक, सान्स्कृतिक तथा सामाजिक बिशिस्टता, सेवा सुबिधा बितरणको अबस्था र बिद्यमान भौतिक पूर्बाधार लाई मुख्य आधार बनाउनुपर्ने उल्लेख छ । सिमाना हेरफेर गर्न सम्बन्धित पालिकाको तत्काल कायम रहेको सदस्य संख्याको दुई तिहाइ बहुमतले पारित गरेर प्रदेश सरकारमा सिफारिस गर्नुपर्ने र त्यसको १५ दिनभित्र प्रदेश सरकारले नेपाल सरकारमा सिफारिस गर्नुपर्ने उल्लेख छ ।

प्राप्त सुझाव र निर्णय मुताबिक केन्द्र र सिमाना नेपाल सरकारले निर्धारण गर्ने उल्लेख छ। मापदण्डमा स्थानिय सरकार संचालन ऐन २०७४को दफा ३,५,६,७,८ बमोजिम पुनरावलोकन हुन सक्ने उल्लेख छ । मापदण्ड बमोजिम जिल्ला समन्वय समितिका प्रमुखको संयोजकतत्वमा ७ सदस्यीय समिति गठन भएको हो । समितिका सदस्यहरूमा सम्बन्धित स्थानिय तहका अध्यक्ष वा प्रमुख, सहायक प्रमुख जिल्ला अधिकारी, नापी कार्यालयका प्रमुख, भुमी प्रशासन कार्यालयका प्रमुख, सम्बन्धित पालिकाका प्रमुख प्रशासकीय अधिकृत, रहने ब्यबस्था छ भने जिल्ला समन्वय अधिकारी सदस्य सचिब तोकिएको छ। बैठकमा कास्कीस्थित स्थानिय तहका अध्यक्ष, प्रमुख र प्रमुख प्रशासकिय अधिकृतको उपस्थिति रहेको थियो। निर्धारित मापदण्ड र कार्यका बारेमा समितिका सदस्य सचिब जिल्ला समन्वय अधिकारी नवराज बराल र शाखा अधिकृत लक्षु शर्माले प्रकाश पार्नुभएको थियो। समितिका संयोजक एबम जिल्ला समन्वय समिति कास्कीका प्रमुख लिलाधर पौडेलको अध्यक्षता बैठक सम्पन्न भएको थियो ।

# अन्तरजातीय विवाह गरेका २५ जोडी सम्मानित

**पोखरापत्र संवाददाता**
म्याग्दी, २२ असार

म्याग्दीको मालिका गाउँपालिकाले दलित समुदायसँग अन्तरजातीय विवाह गरेका २५ जोडीलाई नगदसहित सम्मान गरेको छ ।

लक्षित समुदाय कार्यक्रमअन्तर्गत विनियोजित बजेटबाट आइतबार आयोजित कार्यक्रममा अन्तरजातीय विवाह गरेका २५ जोडीलाई प्रतिजोडी रु तीन हजार ५०० नगदसहित सम्मान गरिएको गाउँपालिकाले जनाएको छ ।

गाउँपालिकाका अध्यक्ष बेगप्रसाद गर्बुजाले समाजमा अझै पनि जातीय विभेद विद्यमान रहेकाले अन्तरजातीय विवाहलाई प्रोत्साहन गर्दै विभेद अन्त्यको सन्देश प्रवाह गर्ने उद्देश्यले सम्मान कार्यक्रम आयोजना गरिएको बताउनुभयो । उहाँले भन्नुभयो, “हाम्रो समाजमा अझै पनि



जातीय विभेदको ठूलो पर्खाल छ । सदियौँदेखि कायम रहेको जातीय विभेद अन्त्य गर्न आवश्यक छ। पालिकाका सातवटै वडाबाट दलित समुदायसँग अन्तरजातीय विवाहगरेकाज्येष्ठनागरिकदेखि युवा-युवतीसम्मलाई सम्मान गरेर जातीय विभेद अन्त्य गर्नुपर्ने सन्देश दिन खोजेका हौं ।”

गाउँपालिकाको केन्द्र दरवाङमा आयोजित कार्यक्रममा अध्यक्ष गर्बुजा, उपाध्यक्ष लक्ष्मीदेवी घर्ती पुन, प्रमुख प्रशासकीय अधिकृत हरिश्चन्द्र ढकाल, वडाध्यक्ष उदयबहादुर बुढाथोकी र पथबहादुर रोका, कार्यपालिका सदस्य प्रतिक्षा रसाइली, दलबहादुर खड्काथोकी तथा वडा नं १ का कार्यवाहक वडाध्यक्ष मानसिंह सापकोटालगायतले सम्मान गर्नुभएको थियो। कार्यपालिका सदस्य प्रतिक्षा रसाइलीले अन्तरजातीय विवाहपछि विभिन्न प्रकारका सामाजिक विभेद र अदृश्य हिंसाको सामना गरिरहेका जोडीलाई सम्मान गरिएको बताउँदै गाउँपालिकाले पहिलो पटक यस्तो कार्यक्रम सञ्चालन गरेको जानकारी दिनुभयो ।

# एडिबीसँग १६ करोड ५० लाख डलर सहुलियतपूर्ण ऋण सम्झौता

**रासस**
काठमाडौं, २२ असार

एसियाली विकास बैंक (एडिबी)ले नेपाल सरकारलाई १६ करोड ५० लाख अमेरिकी डलर बराबरको सहुलियतपूर्ण ऋण उपलब्ध गराउने भएको छ।

आज अर्थ मन्त्रालयमा आयोजित कार्यक्रममा नेपाल सरकार र एडिबीबीच दुईवटा छुट्टाछुट्टै सहुलियतपूर्ण ऋण सम्झौतामा औपचारिक हस्ताक्षर भएको हो । उक्त सहुलियत पूर्ण ऋण खानेपानी, ढल व्यवस्थापन तथा भन्सार प्रशासनको आधुनिकीकरणमा खर्च हुनेछ । अर्थमन्त्री डा स्वर्णिम वाग्ले र एडिबीका अध्यक्ष मासातो कान्डाको उपस्थितिमा भएको सम्झौतापत्रमा नेपाल सरकारका तर्फबाट अर्थ सचिव डा घनश्याम उपाध्याय र एडीबीका तर्फबाट नेपाल आवासीय नियोगका देशीय निर्देशक आर्नो कोश्वाले हस्ताक्षर गर्नुभयो । सम्झौता अनुसार ‘एकीकृत खानेपानी तथा ढल व्यवस्थापन (क्षेत्रगत) आयोजना’ का लागि ११ करोड ५० लाख अमेरिकी डलर र भन्सार प्रशासनको आधुनिकीकरणका लागि ५ करोड अमेरिकी डलर परिचालन गरिनेछ । त्यस अवसरमा अर्थमन्त्री डा वाग्लेले नेपालको दिगो विकासमा एडिबीबाट प्राप्त सहयोगको उच्च मूल्याङ्कन गर्दै आगामी दिनमा यो साझेदारी अझ सुदृढ हुने विश्वास व्यक्त गर्नुभयो ।

एडीबीका अध्यक्ष कान्डाले नेपालसँगको छ दशकभन्दा लामो सहकार्यलाई निरन्तरता दिँदै आन्तरिक तथा बाह्य आर्थिक चुनौती सामना गर्न बैंक सधैँ तयार रहेको प्रतिबद्धता व्यक्त गर्नुभयो ।

# धार्मिक ...

बनाउन पौराणिककालका तथ्यको पहिचानका लागि मन्त्रालयले अध्ययन थालेको जानकारी दिनुभयो ।

“ ध म ग ् न थ क ा देवीदेवता, धर्मगुरु, प्रसिद्ध लामा र ऋषिमुनिहरूले तपस्या बसेको, यात्रा गरेको बाटो पहिचान गरेर त्यहाँ पर्यटक भित्र्याउने सरकारको योजना हो”, उहाँले भन्नुभयो, “देवभूमि सर्किटमा समेटिएका गन्तव्य पहिचान गरी सरकारले पूर्वाधार र प्रवर्द्धनमा लगानी गर्न बजेट विनियोजन गरेको छ ।” दामोदरकुण्ड, मुक्तिनाथ, कागबेनी, गलेश्वर, पुलाश्रम, बागलुङ कालिका, कालञ्जर पर्वत, देवघाटलगायत कालीगण्डकी करिडोरलाई देवभूमि सर्किटका रूपमा विकास गर्ने योजना रहेको मन्त्री पौडेलको भनाइ थियो । पर्यापर्यटन, प्राकृतिक, साहासिकसँगै आरोग्य पर्यटन विकासमा पनि सरकारले जोड दिएको उहाँले बताउनुभयो ।

मन्त्री पौडेलले आजै बेनी नगरपालिका-९ गलेश्वर शिवालयको दर्शन र क्षेत्र विकास कोषका पदाधिकारीहरूसँग छलफल गर्नुभयो। स्थानीय तहहरूसँगको साझेदारीमा शाकाहारी र न्यून बजेटमा तीर्थयात्राका लागि आउने पर्यटकलाई लक्षित गरेर धर्मशाला सञ्चालनको तयारी गरेको उहाँले जानकारी दिनुभयो ।

मन्त्री पौडेलले धार्मिक संस्थाहरूसँग भएको कोषलाई परिचालन गरेर सरकारले पूर्वाधार र प्रवर्द्धनको क्षेत्रमा लागत साझेदारीका योजना तथा कार्यक्रम बनाएको बताउनुभयो । गलेश्वर शिवालय क्षेत्र विकास कोषका प्रमुख संरक्षकसमेत रहेका प्रमुख जिल्ला अधिकारी रवीन्द्र आचार्य, कोषका अध्यक्ष माधवप्रसाद रेग्मी, उपाध्यक्ष बमबहादुर पुन, सदस्यसचिव सम्मरबहादुर थापालगायतले अवस्था, योजना र सरकारसँगको अपेक्षाका विषयमा जानकारी गराउनुभएको थियो ।

त्यसैगरी, मन्त्री पौडेललाई मुस्ताङबाट फर्कने क्रममा अन्नपूर्ण गाउँपालिका-४ का वडाध्यक्ष लोकबहादुर फगामीले अन्नपूर्ण आधार शिविरमा सञ्चार, विद्युत् सुविधा विस्तार तथा आवास व्यवस्थापनलगायतका विषयमा ध्यानाकर्षण गराउनुभएको थियो । शनिबार मुस्ताङको मुक्तिनाथ र कोरलानाकाको भ्रमण गर्नुभएका मन्त्री पौडेलको टोली आइतबार बेनी हुँदै सडकमार्ग भएर काठमाडौँ फर्किनुभएको हो ।


## नागरिक पारदर्शिताका लागि सार्वजनिक लेखा परीक्षण

पोखरा महानगरपालिका वडा नं. ९, साँघुमुख पार्क सौन्दर्यीकरण गर्दा निम्न बमोजिमको आम्दानी तथा खर्च भएको व्यहोरा सम्बन्धित सरोकारवालाहरुको जानकारीको लागि यो सार्वजनिक सूचना प्रकाशन गरिएको छ।
योजनाको नामः साँघुमुख पार्क सौन्दर्यीकरण
ठेगानाः पोखरा-९
योजना सम्झौता मिति : २०८२/१२/२६ गते
योजना सुरु मितिः २०८२/१२/२९ गते
योजना सम्पन्न भएको मितिः २०८३/०३/२२ गते
योजनाको कुल लागतः रु. १३,३५,०००।-
पोखरा म. वडा नं. ९ बाट प्राप्त हुनुपर्नेः रु. १२,००,०००।-
जनसहभागिताबाटः रु. १,३५,०००।-
उपभोक्ता समितिले गरेको जम्मा खर्चः रु १८,९८,६१८।-
उपभोक्ता समिति अध्यक्षः रामहरि पौडेल
सम्पर्क नं.: ९८४६०२९८८२
उपभोक्ता समिति सदस्यः ११ जना महिलाः ४ पुरुषः ७ जना

**साँघुमुख पार्क सौन्दर्यीकरण निर्माण उपभोक्ता समिति पोखरा-९**

## नागरिक पारदर्शिताका लागि सार्वजनिक लेखा परीक्षण

पोखरा महानगरपालिका वडा नं. ११, रानीबगर बाँसखोला कल्भर्ट निर्माण गर्दा निम्न बमोजिमको आम्दानी तथा खर्च भएको व्यहोरा सम्बन्धित सरोकारवालाहरुको जानकारीको लागि यो सार्वजनिक सूचना प्रकाशन गरिएको छ।
योजनाको नामः ानीबगर बाँसखोला कल्भर्ट निर्माण
ठेगानाः पोखरा-११, काहुँ
योजना सुरु मितिः २०८३/०१/१२ गते
योजना सम्पन्न हुने मितिः २०८३/०२/१० गते
योजना सम्पन्न भएको मितिः २०८३/०२/२१ गते
योजनाको कुल लागतः रु. ५,५५,९६६।-
महानगरपालिकाबाटः रु. ५,००,०००।-
जनसहभागिताबाटः रु. ५५,९६६।-
उपभोक्ता समिति अध्यक्षः बल बहादुर खत्री मो.९८२९१९७५२७
उपभोक्ता समिति सदस्यः ९ जना महिलाः ४ पुरुषः ५ जना

**रानीबगर बाँसखोला कल्भर्ट निर्माण उपभोक्ता समिति पोखरा-११, काहुँ**

## नागरिक पारदर्शिताका लागि सार्वजनिक लेखा परीक्षण

पोखरा महानगरपालिका वडा नं. १३, मोहरपानी सडक स्तरोन्नती र वस्ती संरक्षण गर्दा निम्न बमोजिमको आम्दानी तथा खर्च भएको व्यहोरा सम्बन्धित सरोकारवालाहरुको जानकारीको लागि यो सार्वजनिक सूचना प्रकाशन गरिएको छ।
योजनाको नामः मोहरपानी सडक स्तरोन्नती र वस्ती संरक्षण
ठेगानाः पोखरा-१३
योजना सुरु हुने मितिः २०८२/१०/१५ गते
योजना सम्पन्न हुने मितिः २०८३/०३/२३ गते
योजना सम्पन्न भएको मितिः २०८३/०३/२२ गते
योजनाको कुल लागतः रु. ५,५५,५५६।-
महानगरपालिकाबाटः रु. ५,००,०००।-
जनसहभागिताबाटः रु. ५५,५५६।-
उपभोक्ता समिति सदस्यः ७ जना महिलाः ३ पुरुषः ४ जना

**मोहरपानी सडक स्तरोन्नति र वस्ती संरक्षण उपभोक्ता समिति पोखरा-१३**

## नागरिक पारदर्शिताका लागि सार्वजनिक लेखा परीक्षण

पोखरा महानगरपालिका वडा नं. ११, काहुँकोट देउराली मन्दिर संरक्षण मर्मत सम्भार गर्दा निम्न बमोजिमको आम्दानी तथा खर्च भएको व्यहोरा सम्बन्धित सरोकारवालाहरुको जानकारीको लागि यो सार्वजनिक सूचना प्रकाशन गरिएको छ।
योजनाको नामः काहुँकोट देउराली मन्दिर संरक्षण मर्मत सम्भार
ठेगानाः पोखरा-११, काहूँ
योजना सम्झौता मितिः २०८३/०२/२६ गते
योजना सुरु हुने मितिः २०८३/०२/२६ गते
योजना सम्पन्न हुने मितिः २०८३/०३/२० गते
योजनाको कुल लागतः रु. ११,११,१११।-
महानगरपालिकाबाटः रु. १०,००,०००।-
जनसहभागिताबाटः रु. १,११,१११।-
उपभोक्ता समिति अध्यक्षः सु. ईन्द्र बहादुर गुरुङ
उपभोक्ता समिति सदस्यः १३ जना महिलाः ४ पुरुषः ९ जना

**श्री काहुँकोट देउराली मन्दिर तथा धरहरा संरक्षण समिति पोखरा-११, काहूँ**

## नागरिक पारदर्शिताका लागि सार्वजनिक लेखा परीक्षण

पोखरा महानगरपालिका वडा नं. १३, मौला मार्ग सडक स्तरोन्नती गर्दा निम्न बमोजिमको आम्दानी तथा खर्च भएको व्यहोरा सम्बन्धित सरोकारवालाहरुको जानकारीको लागि यो सार्वजनिक सूचना प्रकाशन गरिएको छ।
योजनाको नामः मौला मार्ग सडक स्तरोन्नती
ठेगानाः पोखरा-१३, मियापाटन
योजना सम्झौता मितिः २०८२/०८/१५ गते
योजना सुरु हुने मितिः २०८२/०८/१६ गते
योजना सम्पन्न मितिः २०८२/०९/३० गते
योजनाको कुल लागतः रु. ११,११,१११।-
महानगरपालिकाबाटः रु. १०,००,०००।-
जनसहभागिताबाटः रु. १,११,१११।-
उपभोक्ता समिति अध्यक्षः लाल बहादुर नेपाली मो.९८४६०३१०५८
उपभोक्ता समिति सदस्यः ७ जना महिलाः ४ पुरुषः ३ जना

**मौला मार्ग सडक स्तरोन्नती उपभोक्ता समिति पोखरा-१३, मियापाटन**

## नागरिक पारदर्शिताका लागि सार्वजनिक लेखा परीक्षण

पोखरा महानगरपालिका वडा नं. १३, मेहरपानी कुवा संरक्षण गर्दा निम्न बमोजिमको आम्दानी तथा खर्च भएको व्यहोरा सम्बन्धित सरोकारवालाहरुको जानकारीको लागि यो सार्वजनिक सूचना प्रकाशन गरिएको छ।
योजनाको नामः मेहरपानी कुवा संरक्षण
ठेगानाः पोखरा-१३, आर्वा
योजना सुरु हुने मितिः २०८२/१०/१२ गते
योजना सम्पन्न हुने मितिः २०८३/०३/२३ गते
योजना सम्पन्न भएको मितिः २०८३/०३/२२ गते
योजनाको कुल लागतः रु. ३,३३,३३३।-
महानगरपालिकाबाटः रु. ३,००,०००।-
जनसहभागिताबाटः रु. ३३,३३३।-
उपभोक्ता समिति अध्यक्षः सूर्य बहादुर खड्का
उपभोक्ता समिति सदस्यः ७ जना महिलाः २ पुरुषः ५ जना

**मेहरपानी कुवा संरक्षण उपभोक्ता समिति पोखरा-१३, कास्की**


फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्ध सम्पादकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

**सुक्तिसुधा**

आशा गरिवको सबै भन्दा ठूलो सम्पत्ति हो ।
– एल्फ्रेड डे

## सम्पादकीय

# सम्पत्ति छानबिन नयाँ पुराना सबैको गर

नेपाली कांग्रेस संसदीय दलका नेता भीष्मराज आङ्देम्बेले सम्पत्ति छानबिन आफूहरूबाटै सुरु गर्न प्रस्ताव राखेका छन् । प्रतिनिधिसभा बैठकमा उनले प्रतिपक्षीको नेताको रूपमा आफू र सत्ताको नेतृत्वकर्ता प्रधानमन्त्रीको सम्पत्ति छानबिन गरी सुरु गर्न प्रस्ताव गरेका छन । सरकारको एक सय दिनको मूल्यांकन विपक्षी दलको नेताले संसदको रोष्ट्रमबाट गर्दै सम्पत्ति छानबिनका लागि सरकारलाई चुनौती दिएका छन ।

"म विपक्षी दलको नेता हो । मेरो नाम भीष्मराज आङ्देम्बे हो । मैबाट सुरु गरौँ । र, प्रधामन्त्रीजीबाटै गरौँ । अरुबाट होइन । सम्पत्ति  छानबिनको सुरुआत हामीबाटै सुरु गरौँ," उनले रोष्ट्रमबाट भनेका छन।प्रधानमन्त्री बालेन्द्र शाह लगायतका मन्त्रीहरूको सम्पत्ति विवरण सार्वजनिक हुँदा धेरैले जिब्रो टोकेका थिए ।उनीहरूले कमाएको सम्पत्तिमा श्रोतको खोजी भएको थियो । पुराना दलका नेताहरूको सम्पत्तिमा प्रश्न उठाएकाहरुको सम्पूर्ण विवरण सुन्दा पत्यार लाग्ने आधार नागरिकले देखेका छैनन् । अहिलेका सत्ताधारीको सम्पत्ति र सुन धेरै देखिनु नागरिकले प्रश्न उठाउने ठाउँ दिएको छ ।

प्रधानमन्त्रीले आर्जन गरेको सम्पत्ति अवैध नभएको आफूलाई विश्वास रहेको विपक्षी दलका नेताको भनाइ रहेपनि तर, जनताले यति धेरै सुन कहाँबाट आयो भनेर सोधिरहेको भनेर प्रश्नको घेरामा राखिदिएका छन । प्रधानमन्त्रीको सम्पत्तिमा झन्डै दुई सय तोला सुन रहेको भन्दै मन्त्रीहरूको पनि सुन धेरै देखिएको  विपक्षी दलका नेताको प्रश्न मात्र होइन "सुन आर्जनको स्रोत के हो ? नेपाली जनताले जान्न पाउनुपर्छ," उनको जिज्ञासा पनि हो ।

पूर्वप्रधानमन्त्री, उच्च राजनीतिक व्यक्ति र कर्मचारीको सम्पत्ति छानबिन गर्नुपर्ने भन्दै प्रधानमन्त्रीलाई सम्पत्ति छानबिनका लागि तयार हो भन्दै प्रश्न गरे । "प्रतिपक्षी दलको नेताको रूपमा मबाट सुरु गरौँ । सत्ताको नेतृत्वको गरिरहनुभएको तपाईंबाट सुरु गरौँ । प्रधानमन्त्री तयार हो कि होइन ? म तयार छु । छानबिन आफूमाथि नगर्ने अरुमाथि मात्रै गर्ने भन्ने हुँदैन," उनले सरकारको चयनमुखी ब्यवहारको आलोचना गरेका छन ।

सरकारका मन्त्रीहरू कानुन र कानुनको दायरामाथि रहेको आम जनताको बुझाइ हो।जनताको चासो विपक्षीले सदनमा उठाउनु जायज हो। सत्ता छानिछानी प्रतिसोधबाट अघि बढेको अनुभूति भइरहेको यथार्थ हो । कानुन नबनाई साशकले जे चाहेको छ त्यही गर्ने अधिनायकवादी शैलीमा अहिलेको राज्यसत्ता चलेको छानियन्त्रण र सन्तुलनको अवस्था नभएको बेला संसदबाट विपक्षी नेताले जनतालाई जानकारी गराउने र सत्तालाई खबरदारी गर्नु नैतिक कर्तव्य हो ।

कानुन बनाएर मात्रै सम्पत्ति छानबिन गर्नुपर्ने उनको धारणा छ । कानुनी शासनको आधारभूत सिद्धान्त भनेकोः कानुन सबैमा समान रूपमा लागू हुनु, प्रक्रिया पारदर्शी हुनु, स्वतन्त्र न्यायिक समीक्षा सम्भव हुनु र कुनै पनि सरकारी निर्णय कानुनभन्दा माथि नहुनु हो । सरकारले यी सिद्धान्तहरू पालना नगरी मनपरी निर्णय गर्छ भने त्यसलाई "हुकुमी शैली" भनेर आलोचकहरुले  वर्णन गर्न सक्छन् । उल्लेखित तथ्यले सरकार वास्तवमै कानुनी शासन त्यागेर हुकुमी शासनतर्फ गएको विपक्षीको आरोपलाई अन्यथा भन्न मिल्दैन । सरकारले कानुन सबैका लागि समान हो भन्ने देखाउन सम्पत्ति छानबिन आयोगले नयाँ पुराना सबैको सम्पत्ति छानबिन गर्न जरुरी छ ।



## तपाईंको आज

| | | | |
|---|---|---|---|
| मेष | : शारीरिक झमेला | तुला | : स्वास्थ्यमा सुधार |
| वृष | : मानसिक तनाब | वृश्चिक | : आर्थिक समस्या |
| मिथुन | : सहयोग मिल्नेछ | धनु | : शत्रुको भय |
| कर्कट | : ब्यापारमा लाभ | मकर | : कार्यमा सफलता |
| सिंह | : झमेला बढ्ने | कुम्भ | : सत्कार मिल्नेछ |
| कन्या | : शुभ यात्रा | मीन | : अप्रत्यसित लाभ |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**

पोखरा–१६, जोगिमणीमार्ग, मोबाइलः ९८५६०२०५८६

चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस् ।


# बागलुङको तरकारी पोखरामा बिक्री

**पोखरापत्र संवाददाता**
बागलुङ, २२ असार

ढोडेनीका किसान त्रिलोचन सापकोटाले उत्पादन गरेका खुर्सानी र तरकारी पोखरामा बिक्री गर्दै आएका छन् ।

सापकोटाले उत्पादन गर्नुभएको पिरो खुर्सानीको माग पोखाराबाट भएको छ। उहाँले १५ रोपनी क्षेत्रफलमा व्यवसायिक तरकारी र फलफूलखेती खेती पनि गर्नुभएको छ । पाँच वटा हाइटेक टनेलसहित खुला जग्गामा काक्रो, भेन्टा, धनिया, सिमी, बोडीलगायत तरकारी बिक्रीबाट सापकोटाले वार्षिक रु १८ लाख आम्दानी गर्दै आउनुभएको छ । "पहिलो पटक आफ्नो कृषि उत्पादन पोखरा पुगेको छ, पाँच रोपनी जग्गामा मात्रै खुर्सानीखेती लगाएको छु, यस सिजनमै खुर्सानीबाट दुई लाख ५० हजार देखि तीन लाखसम्म आम्दानी हुने देखियो", सापकोटाले भन्नुभयो । "खुर्सानीको उत्पादन धेरै भएपछि बागलुङ बजारमा खपत नभएकाले पोखराको बजारमा खुर्सानी पठाउन थालेको छु, अहिले काक्रो, केरा, धनिया र भेण्टाको उत्पादन बढेका । दैलोमै कालोपत्र सडक आएपछि ढुवानीको समेत समस्या छैन", सापकोटाले भन्नुभयो । ोखरामा ५००, बागलुङमा ४०० केजी खुर्सानी बिक्री भइसकेको छ। तीन महिना लगातार खुर्सानीको उत्पादन भइरहेको उहाँले बताउनुभयो। हाइटेक टनेल, थोपा सिँचाइ र मल्चिङ प्रविधिमार्फत नमूना कृषि फर्म सञ्चालन गर्दै आउनुभएका सापकोटाले पाखो जग्गामा थप केराखेती सुरु गर्नुभएको छ।

कालीगण्डकी पशुपालन तथा कृषि फर्ममार्फत ३४ वर्षदेखि बाबुको पदचाप पछ्याउँदै तरकारीखेतीमा लागि परेका सापकोटाले गाईभैंसी पालनमार्फत दैनिक ३० लिटर दूध बिक्री गर्दै आउनुभएको छ। दुई जनालाई रोजगारी दिनुभएका उहाँले तरकारी खेतीबाटै दुई छोरालाई उच्च शिक्षा अध्ययनका लागि अमेरिका र अष्ट्रेलिया पठाउनुभएको छ । कृषिमा भित्रिएको प्रविधिका कारण मौसमी र बेमौसमी तरकारी, काँक्रो, टमाटर, माछा, केरा र दुध बिक्रीबाट वार्षिक रु १८ लाखसम्म आम्दानी भइरहेको छ", उहाँले भन्नुभयो, "यही कमाइबाट छोरालाई उच्च शिक्षासम्म अध्ययनका लागि अमेरिका र अष्ट्रेलिया पठाएको छु, पढाइ सकेर स्वदेशमै आउन सल्लाहसमेत दिएको छु, आम्दानीबाट मल, बीउ, कर्मचारी र अन्य खर्च कटाएर १२ लाख त बचतै हुने गरेको छ।"

# स्वास्थ्यचौकी निर्माण गर्न जग्गादान

**पोखरापत्र संवाददाता**
तनहुँ, २२ असार

भानु नगरपालिका-३ खहरेमा नवनिर्मित 'भानु स्वास्थ्यचौकी'को नयाँ सुविधासम्पन्न भवन निर्माणका लागि ६ परिवारबाट पाँच रोपनी एक आना जग्गा प्राप्त भएको छ।

'भानु स्वास्थ्यचौकी'को सुदृढीकरण र स्थायी संरचना निर्माणका लागि यहाँका ६ जनाको परिवारले रु तीन करोड २४ लाख मूल्यबराबरको जग्गादान गरेका हुन्। स्वास्थ्य सेवाजस्तो पवित्र कार्यका लागि स्थानीयले देखाएको यो उदारताको कदर गर्दै हालै एक विशेष कार्यक्रमका बीच शिलालेख अनावरण गरी जग्गादाताको योगदानलाई सार्वजनिक गरिएको छ।

जग्गादान गर्ने दानवीरहरूमा स्थानीय बालकृष्ण र राममाया कार्की एक रोपनी आठ आना दुई पैसा एक दाम जग्गा दान गरेका छन् । हालको चलनचल्तीको मूल्यअनुरुप रु ९८ लाख ५० हजारको जग्गा रहेको छ । दानवीरमध्ये कार्की दम्पतीले बढी दान गरेका हुन् । त्यसैगरी, विष्णुबहादुर र सरिता कार्की पन्तका परिवारले रु ६४ लाख मूल्यको एक रोपनी, ज्ञानबहादुर र वीरमाया गुरुङले रु ६४ लाख मूल्यको एक रोपनी, दुर्गाबहादुर र रनकुमारी गुरुङले रु ४८ लाख मूल्यको १२ आना, स्वर्गीय लालबहादुर, जगकुमारी श्रेष्ठले ३२ लाख मूल्यको आठ आना र रामबहादुर र सुनकोरी गुरुङले रु १७ लाख ७५ हजार मूल्यको चार आना एक पैसा तीन दाम जग्गा दान गर्नुभएको हो ।

गाउँघरमै गुणस्तरीय स्वास्थ्य सेवा पुगोस् र गरिब तथा विपन्न नागरिकले उपचार अभावमा तड्पिनु नपरोस् भन्ने पवित्र उद्देश्यका साथ जग्गादान गरिएको दाता बालकृष्ण कार्कीले बताउनुभयो । आफ्नै गाउँका नागरिक मिलेर करोडौँको जग्गा जुटाएपछि स्थानीयवासी उत्साहित भएर लागेका छन् । नेपाल सरकार, सहरी विकास मन्त्रालयको आर्थिक वर्ष २०८१/८२ को स्वीकृत वार्षिक कार्यक्रमअन्तर्गत आधुनिक भवनको निर्माण सम्पन्न भएको छ । सहरी विकास तथा भवन निर्माण विभाग, कास्कीको प्राविधिक सहयोगमा निर्माण गरिएको उक्त भवनको भानु नगरपालिकाका नगरप्रमुख आनन्दराज त्रिपाठीले उद्घाटन गर्नुभएको हो । सो अवसरमा नगरप्रमुख त्रिपाठीले स्वास्थ्य क्षेत्रमा स्थानीयवासीले देखाएको उत्साहले जनप्रतिनिधिहरूलाई थप हौसला मिलेको बताउनुभयो ।



## Regarding Verification Done



In the Nepali Citizenship Certificate of Mrs. Tila Devi Gharti Chhetri alias Janaki, wife of Honorary Naib Subedar Yam Bahadur Gharti Chhetri, alias Am Bahadur Gharti, retired army Indian EME CORPS, Army No. 7055158K, resident of 2 No. ward, Arjunchaupari Rural Municipality, Syangja District, her name, surname is mentioned as Tila Devi Gharti Chhetri, alias Janaki, and in his Indian Pension Records, her name, surname is mentioned as Janaki. Although the difference in the aforementioned documents, it is verified that the person with both the aforementioned name, surname in aforementioned documents is one and same person as per the recommendation letter from 2 No. Ward, of said Rural Municipality, with Dispatch No. 917, dated 2083/03/16 B.S. (30 June, 2026 A.D.) requesting for a recommendation to be made to the concerned authority stating that despite the discrepancy in the name, surname, mentioned across different documents the person is one and the same person, therefore the same detail is verified for Indian pension purposes.

## नागरिक पारदर्शिताको लागि सार्वजनिक सूचना

पोखरा महानगरपालिका वडा नं. २५ हेम्जा स्थित गैरी घुच्ची बाटो तथा नाला निर्माण गर्दा निम्न अनुसारको आम्दानी तथा खर्च भएको सम्बन्धित सबैको जानकारी तथा नागरिक पारदर्शिताको लागि यो सूचना प्रकाशित गरिएको छ ।

योजनाको नाम : गैरी घुच्ची बाटो तथा नाला निर्माण
उपभोक्ता समितिको नाम : गैरी घुच्ची बाटो तथा नाला निर्माण उपभोक्ता समिति, पोखरा-२५, कास्की
उपभोक्ता समितिको अध्यक्षको नामः सर्वजित कुँवर
सम्पर्क नं : ९८४६०२२६९३
जम्मा सदस्य संख्या : ७
महिला सदस्य संख्या : २
योजना सुरु मिति : २०८३/१/३०
सम्पन्न भएको मितिः २०८३/०३/३०
महानगरपालिकाबाट : रु. १२,००,०००/-
जनसहभागिता : रु. १,३३,५००/-
योजनाको कुल लागत : रु. १३,३३९१०/२७

## नागरिक पारदर्शिताको लागि सार्वजनिक सूचना

पोखरा महानगरपालिका वडा नं. २५ भुने स्थित भुने देखि याम्दी खोला नाला निर्माण गर्दा निम्न अनुसारको आम्दानी तथा खर्च भएको सम्बन्धित सबैको जानकारी तथा नागरिक पारदर्शिताको लागि यो सूचना प्रकाशित गरिएको छ ।

योजनाको नाम : भुने देखि याम्दी खोला नाला निर्माण
उपभोक्ता समितिको नाम : समिबोट मेलबोट बाटो तथा नाला निर्माण उपभोक्ता समिति, पोखरा-२५, कास्की
उपभोक्ता समितिको अध्यक्षको नामः तिर्थ थापा
सम्पर्क नं : ९८५६०४६७२९
जम्मा सदस्य संख्या : ७
महिला सदस्य संख्या : २
योजना सुरु मिति : २०८२/१२/२१
सम्पन्न भएको मितिः २०८३/०२/३१
महानगरपालिकाबाट : रु. २०,००,०००/-
जनसहभागिता : रु. २,२३,०००/-
योजनाको कुल लागत : रु. २२,२३,०००/-

## एउटै व्यक्ति भएको सूचना



कास्की जिल्ला पोखरा महानगरपालिका वडा नं १० निवासी भारतीय भू.पू. सैनिक नं 5241104 P Hav लाल काजी गुरुङको श्रीमती खिल कुमारी गुरुङको नेपाली नागरिकता प्रमाणपत्र नं ३५९३-कास्कीमा नामथर खिल कुमारी गुरुङ र निजको श्रीमानको पेन्सन अभिलेखमा नामथर खिल कुमारी गुरुङसेनी उल्लेख भई फरक परेतापनि उल्लेखित दुवै नामथर गरेको व्यक्ति फरक नभई एउटै व्यक्ति भएको व्यहोरा सिफारिस साथ अनुरोध गरिन्छ भनि पोखरा महानगरपालिका १० नं वडा कार्यालय, कास्कीको च.नं. २१७९ मिति २०८३/०३/१५ गतेको सिफारिस पत्रबाट लेखी आएको व्यहोरा जानकारी गराइन्छ ।

**जिल्ला प्रशासन कार्यालय, कास्की**

## नागरिक पारदर्शिताको लागि सार्वजनिक सूचना

पोखरा महानगरपालिका वडा नं. २१ स्थित डाङडुङे खोलामा ट्रस पुल निर्माण गर्दा निम्न अनुसारको आम्दानी तथा खर्च भएको सम्बन्धित सबैको जानकारी तथा नागरिक पारदर्शिताको लागि यो सूचना प्रकाशित गरिएको छ ।

पुलको नाम : डाङडुङे खोला स्टिल ट्रस पुल
योजनाको नाम : झौरीचोक देखि टापुखोला फलामे पुल तथा सडक कालोपत्रे योजना, पोखरा-२१, कास्की
उपभोक्ता समितिको अध्यक्षको नामः कृष्ण बहादुर मल्ल
सम्पर्क नं : ९८४६२०६५३५
जम्मा सदस्य संख्या : ७
महिला सदस्य संख्या : २
योजना सम्झौता मिति : २०८३/०२/०१
योजना सुरु मिति : २०८३/०२/०२
सम्पन्न भएको हुने मितिः २०८३/०३/१५
सम्पन्न भएको मितिः २०८३/०३/२१
महानगरपालिकाबाट : रु. १५,००,८४५/१२
जनसहभागिता : रु. १,५४,०३९/५
योजनाको कुल लागत : रु. १६,५४,८८४/६२

## नागरिक पारदर्शिताको लागि सार्वजनिक सूचना

पोखरा महानगरपालिका वडा नं. २५ हेम्जा स्थित समिबोट मेलबोट बाटो तथा नाला निर्माण गर्दा निम्न अनुसारको आम्दानी तथा खर्च भएको सम्बन्धित सबैको जानकारी तथा नागरिक पारदर्शिताको लागि यो सूचना प्रकाशित गरिएको छ ।

योजनाको नाम : समिबोट मेलबोट बाटो तथा नाला निर्माण
उपभोक्ता समितिको नाम : समिबोट मेलबोट बाटो तथा नाला निर्माण उपभोक्ता समिति, पोखरा-२५, कास्की
उपभोक्ता समितिको अध्यक्षको नामः विरेन्द्र कुँवर
सम्पर्क नं : ९८५६०५७६१३
जम्मा सदस्य संख्या : ७
महिला सदस्य संख्या : ३
योजना सुरु मिति : २०८३/१/३०
सम्पन्न भएको मितिः २०८३/०३/२०
महानगरपालिकाबाट : रु. २५,००,०००/-
जनसहभागिता : रु. २,७७,८००/-
योजनाको कुल लागत : रु. २७,७८,८००/२७

## एउटै व्यक्ति भएको सूचना



कास्की जिल्ला, पोखरा महानगरपालिका वडा नं. १३ निवासी भारतीय भु.पु.सै.नं. ५४४५०९९ w हवल्दार बन बहादुर गुरुङ ५/५ जि.आरकोश्रीमतीटिकासिरीगुरुङकोनेपाली नागरिकता प्रमाण पत्रमा नामथर टिकासिरी गुरुङ जन्म मिति वि.सं. २०१३।०२।१५ तदानुसार ई.सं. १९५६-०५-२८ भएको र पेन्सन अभिलेखमा नामथर टिकाशरी गुरुङ (TIKA SHARI GURUNG), जन्म मिति ई.सं. १९५९।०५।०५ तदानुसार ई. सं. २०१६।०१।२२ उल्लेख भई फरक परेतापनि उल्लेखित फरक नामथर र जन्म मिति भएको व्यक्ति एउटै भएको साथै श्रीमतीको नेपाली नागरिकता प्रमाण पत्रमा बुबाको नामथर काले गुरुङ भएको र पेन्सन अभिलेखमा नामथर कविराज गुरुङ उल्लेख भई फरक परेतापनि उल्लेखित फरक नामथर र भएको व्यक्ति फरक नभई एउटै व्यक्ति भएको बेहोरा अनुरोध छ भनि पोखरा महानगरपालिका १३ नं. वडा कार्यालयको च.नं. ४८५९ मिति २०८३।०३।१९ को सिफारिस पत्रबाट लेखी लेखी आएको हुदाँ सम्बन्धित निकायको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**जिल्ला प्रशासन कार्यालय कास्की**

## एउटै व्यक्ति भएको सूचना



कास्की जिल्ला, पीखरा महानगरपालिका वडा नं. १४ निवासी भारतीय भू.पू.सैनिक नं. ५७४८३०७K H/HAV MAN BAHADUR RANA 4/8 GR DSC को श्रीमतीको नेपाली नागरिकता प्रमाण पत्रमा नामथर मोती माया श्रीस राना, जन्म मिति वि.स २०१५।०२।१६ तदांनुसार ई.सं. १९५८-०५-२९ भएको र भारतीय सैनिक अभिलेखमा नामथर मती माया मगर्नी (MATI MAYA MAGARNI) जन्म मिति ई.सं. १९५८-०१-१५ तदानुसार वि.सं. २०१४।१०।०२ उल्लेख 'भई फरक परेतापनि उल्लेखित फरक नामथर र जन्म मिति भएको व्यक्ति फरक नभई एउटै व्यक्ति भएको बेहोरा अनुरोध छ भनि पोखरा महानगरपालिका १४ नं. वडा कार्यालयको च.नं. ७७९१ मिति २०८३।०३।१९ को सिफारिस पत्रबाट लेखी आएको व्यहोरा जानकारी गराइन्छ।

**जिल्ला प्रशासन कार्यालय, कास्की**

## एउटै व्यक्ति भएको सूचना



कास्की जिल्ला पोखरा महानगरपालिका वडा नं २९ निवासी भारतीय भू.पू. सैनिक नं 5342630P Rank HAV का राम बहादुर गुरुङको श्रीमती धन कुमारी गुरुङको नेपाली नागरिकता प्रमाणपत्रमा जन्ममिति २०१३/१२/१९ इ.सं. 1 April 1957 र निजको श्रीमानको सैनिक अभिलेख, डिस्चार्ज सर्टिफिकेट र पेन्सनपट्टामा जन्ममिति इ.सं 10 October 1963 उल्लेख भई फरक परेता पनि उल्लेखित फरक फरक जन्ममिति गरेको व्यक्ति फरक नभई एउटै भएको व्यहोरा सिफारिस साथ अनुरोध गरिन्छ भनि पोखरा महानगरपालिका २९ नं वडा कार्यालय, कास्कीको च.नं. ४२९२ मिति २०८३/०३/११ गतेको सिफारिस पत्रबाट लेखि आएको व्यहोरा जानकारी गराइन्छ।

**जिल्ला प्रशासन कार्यालय, कास्की**

# 'गन्धर्व संस्कृति कर्खा' सार्वजनिक

**पोखरापत्र संवाददाता**
गोरखा, २२ असार

दैवीकालदेखि नै गाउने संस्कृतिको विरासत बोकेका गन्धर्व समुदायको संस्कृतिहरू समेटिएको कृति विमोचन गरिएको छ । मनिराम गाइने स्मृति प्रतिष्ठानद्वारा प्रकाशित 'गन्धर्व संस्कृति कर्खा' नामक पुस्तक आइतबार विमोचन गरिएको हो ।

मङ्गलप्रसाद गन्धर्वद्वारा लेखिएको सो पुस्तक गोरखा नगरपालिकाका प्रमुख कृष्ण रानामगरले विमोचन गर्नुभएको हो । सो पुस्तकका बारेमा गन्धर्व जातिको लोक संस्कृतिका शोधकर्ता प्रा डा कुसुमाकर न्यौपानले प्रकाश पार्नुभएको थियो । सो पुस्तकमा गन्धर्व जातिको उत्पत्ति, मनिराम गाइनेले नेपाल एकीकरणको समयमा पुर्‍याएको योगदान, पशुपतिनाथ, गोरखनाथ, मुक्तिनाथ, मनकामना, भैरवी देवीलगायत देवदेवीको मङ्गल, राग धनसिरा, वैशाखमा गाउने मल्हार राग, वसन्त राग, जेठमा गाउने राग, असारे राग, कलवाली राग, रामकली राग, सरुमै रागलगायतका विषयवस्तु पुस्तकमा समेटिएको छ । त्यस्तै दसैँमा गाउने मालश्री, कात्तिकमा गाउने चाँचरी, कृष्णलीला, निर्गुण, पृथ्वीनारायण शाहको, उजीरसिंह थापाको, सर्वजित रानाको, बुद्धिवल रानाको कर्खा, जङ्गबहादुर राणाको सवाई, चन्द्रशम्शेरको सवाई, गोरखा उदय गीत, दरबार हत्याकाण्डको, इराक घटनाको, जेनजी घटनाको सवाईलगायत विषयवस्तु पुस्तकमा समेटिएको छ । एक सय चार पृष्ठ रहेको सो पुस्तकमा गन्धर्वका ५५ वटा शीर्षकमा सांस्कृतिक विषयवस्तु सङ्ग्रहित छन् ।

# तनहुँका दुई स्थानीय तहको बजेट पारित

**पोखरापत्र संवाददाता**
पोखरा, २२ असार

बन्दीपुर र म्याग्दे गाउँपालिकाले गाउँसभाबाट आर्थिक वर्ष (आव) २०८३/८४ का लागि प्रस्ताव गरिएको बजेट पारित गरेको छ।

बन्दीपुर गाउँपालिकाले रु ६८ करोड ७८ लाख ८० हजार ८४९ को र म्याग्दे गाउँपालिकाले रु ७४ करोड ३२ लाख ७८ हजारको बजेट पारित गरेको हो । बन्दीपुर गाउँपालिकाका उपाध्यक्ष पञ्चमाया गुरुङ र म्याग्दे गाँउपालिकाका उपाध्यक्ष बालकृष्ण घिमिरेले गत असार १० गते बजेट प्रस्तुत गर्नुभएको थियो।

# श्री सीपकला समाजमा उद्घोषण तालिम

**पोखरापत्र संवाददाता**
स्याङ्जा, २२ असार




श्री सीपकला संरक्षण एकता समाज बिरुवा १, स्याङजाको आयोजनामा पाँच दिने उद्घोषण तथा भाषण कला सम्वन्धी तालिम सम्पन्न भएको छ।

समाजका दलित समुदायको क्षमता बढाउने उदेश्यले सञ्चालित उद्घोषण तथा भाषण तालिम समाज कल्याण आमा समुहको भवन बिरुवाबजारमा सन्चालन गरीएको थियो। तालिमको समापन समारोहमा मन्तव्य राख्दै प्रमुख अतिथी विरुवा गाउँपालीकाका अध्यक्ष सुर्य कुँवरले उत्पीडीत दलित समुदायका अन्तरनिहित क्षमतालाई उजागर गर्दै नेतृत्वको विकास गराउन यो तालिम निकै प्रभावकारी भएको बताए। उनले भने, तालिमले सहभागीहरुमा निकै आत्मविश्वास बढाएकाले यस्ता तालिम निरन्तर सञ्चालन गरीनेछ । तालिमको समापन समारोहमा विशेष अतिथी वडा नं १ का अध्यक्ष राजेन्द्र के.सि,गाउँपालिका सदस्य पहलसिंह बि.क, श्री सीपकला संरक्षण एकता समाजका अध्यक्ष धनप्रसाद सुनार, कोषाध्यक्ष भीम बहादुर सुनार सहजकर्ता सञ्चारकर्मी गोविन्द थापा सिन्जाली लगायतका अतिथीहरुले मन्तव्य राखेका थिए साथै सहभागीहरुलाई प्रमाणपत्र वितरण गरेका थिए। समाजका उपाध्यक्ष चन्द्र बहादुर सुनारको अध्यक्षतामा सन्चालित समापन समारोहमा प्रशिक्षार्थीहरुले कार्यक्रम सञ्चालन गरेका थिए भने सहभागीहरुले प्रतिभा प्रष्फुटन गर्दै तालिमका सिकेका ज्ञान, अनुभव बाँडेका थिए। तालिममा समाजका कुल ६० जनाले सहभागिता जनाएका थिए।

## एउटै व्यक्ति भएको सूचना



कास्की जिल्ला, पोखरा महानगरपालिका वडा नं. १० निवासी भारतीय भू.पू. सैनिक नं.५२४११०४ P HAV लाल काजी गुरुङको छोरा दुर्गा बहादुर गुरुङको नेपाली नागरिकता प्रमाण पत्रमा नामथर दुर्गा बहादुर गुरुङ भएको र - पेन्सन अभिलेखमा नामथर यग बहादुर (YAG BAHADUR) उल्लेख भई फरक परेतापनि उल्लेखित फरक नामथर भएको व्यक्ति फरक नभई एउटै व्यक्ति रहेको बेहोरा अनुरोध छ भनि पोखरा महानगरपालिका १० नं. वडा कार्यालयको च.नं. २०९३ मिति २०८३।०३।१७ को सिफारिस पत्रबाट लेखी आएको व्यहोरा जानकारी गराइन्छ ।।

**जिल्ला प्रशासन कार्यालय, कास्की**

## एउटै व्यक्ति भएको सूचना



कास्की जिल्ला, पोखरा महानगरपालिका वडा नं. १४ निवासी भारतीय भू.पू.सैनिक नं. ५७४८३०७K H/HAV MAN BAHADUR RANA 4/8 GR DSC को छोराको नेपाली नागरिकता प्रमाण पत्रमा नामथर निर बहादुर श्रीस राना (NIR BAHADUR SHREES RANA), जन्म मिति वि.सं. २०४३।०४।०३ तदानुसार ई.सं. १९८६।०७।१८ भएको र पेन्सन अभिलेखमा नामथर निर बहादुर राना (NIR BAHADUR RANA), जन्म मिति ई.सं. १९८६।०७।१७ तदनजनुसार वि.सं. २०४३।०४।०२ उल्लेख भई फरक परेतापनि उल्लेखित फरक नामथर र जन्म मिति भएको व्यक्ति फरक नभई एउटै व्यक्ति भएको बेहोरा अनुरोध छ भनि पोखरा महानगरपालिका १४ नं. वडा कार्यालयको च.नं. ७७९१ मिति २०८३।०३।१९ को सिफारिस पत्रबाट लेखी आएको व्यहोरा जानकारी गराइन्छ।

**जिल्ला प्रशासन कार्यालय, कास्की**

आयो टप्प टिप्यो लग्यो मिति पुग्यो, टारेर टर्दैन त्यो।
इन्द्रै विन्ति गरुन् झुकेर पदमा, त्यो विन्ति मान्दैन त्यो॥

# भावपूर्ण श्रद्धाञ्जली

**जन्म:**
**वि. सं. २०१३ असोज ०२ गते**



**स्व: चित्र बहादुर गुरुङ**

**स्वर्गारोहण:**
**वि. सं. २०८२ कार्तिक ०१ गते**

कास्की जिल्ला मादी गाउँपालिका वाड नं.११ बराल डाँडा निवासी **चित्र बहादुर गुरुङ** को ६९ वर्षको उमेरमा भएको असामयीक निधनले हामी अत्यन्त मर्माहत र स्तब्ध भएका छौं । आज उहाँको पितृ कार्य अर्घौको पुण्य तिथिका अवसरमा दिवंगत आत्माको चिरशान्तिको कामना सहित भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै यस दुःखद घडीमा शोकसन्तप्त परिवारजनहरुमा धैर्य धारणा गर्ने शक्ति भगवान बुद्धले प्रदान गरून् भनी हार्दिक समवेदना व्यक्त गर्दछौं ।

**जुमप्रसाद गुरुङ**
**अध्यक्ष तथा**
**बराल डाँडा तमु समाज सेवा समिति परिवार**
**शितलादेवी-१२, पोखरा**

**मञ्जु गुरुङ**
**अध्यक्ष तथा**
**सम्पूर्ण बराल डाँडा चेलीबेटी परिवार**
**पोखरा**